परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

4th Anniversary

वर्ष : ४ अंक : १६ पृष्ठ ४ २०८२ कार्तिक २१ गते, शुक्रबार 7 November, 2025 मूल्य रु. ५/- हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

### ग्रामीण प्रतिभाको सम्मान :

## नगरपालिकाद्वारा युवालाई खेल सामग्री प्रदान



टक नेपाल

औरही नगरपालिका-६ बैरिया निवासी युवा क्रिकेटर अनिकेत यादवलाई नगरपालिकाले शुक्रबार करिब ५० हजार रुपैयाँ बराबरका क्रिकेट सामग्री हस्तान्तरण गरेको छ।

यसअघि महोत्तरीका १५ वटा पालिकाबीच सम्पन्न पालिका-स्तरीय प्रधानमन्त्री कप पुरुष छनोट क्रिकेट प्रतियोगिता-२०८१ मा औरही नगरपालिकाबाट उत्कृष्ट प्रदर्शन गर्दै छनोट भएका यादव हाल धनुषाबाट एसीसी यू-१६ पूर्वी क्षेत्रीय कपका लागि तयारीरत छन्। ग्रामीण भेगका युवामा लुकेका खेलकुद प्रतिभा उजागर गर्ने उद्देश्यले आयोजित कार्यक्रममा नगर उपप्रमुख रेनु झा, प्रमुख प्रशासकीय अधिकृत सुशील प्रसाद आचार्य, स्वास्थ्य शाखा प्रमुख चन्द्रभुषण ठाकुर, कार्यपालिका सदस्य अजय मुखिया लगायतको उपस्थितिमा सामग्री हस्तान्तरण गरिएको थियो।

कार्यक्रममा नगर प्रमुख प्रदिप कुमार खड्काले आर्थिक अभावका कारण प्रतिभाशाली खेलाडी अवसरबाट वञ्चित नहोस् भन्ने उद्देश्यले सामग्री सहयोग गरिएको बताए। “सीमित स्रोत-साधनबीच पनि ग्रामीण युवाले उत्कृष्ट प्रदर्शन गरिरहेका छन्। खेलकुदको विकासका लागि आवश्यक पूर्वाधार र निरन्तर प्रोत्साहन अपरिहार्य छ,” उनले भने।

प्रमुख प्रशासकीय अधिकृत आचार्यका अनुसार यादवलाई प्याड, थाइ गार्ड, ग्लोभ्स, लेदर ब्याट, क्रिकेट सुज र किट ब्यागलगायतका पूर्ण खेल सामग्री प्रदान गरिएको हो। सामग्री पाएपछि खुसी व्यक्त गर्दै यादवले उक्त सहयोगले आफ्नो अभ्यास सहज हुने बताए।

कार्यपालिका सदस्य अजय मुखियाले खेलकुदलाई सामाजिक समृद्धिको आधारका रूपमा लिँदै खेलाडीहरूलाई स्थानीय तहबाट निरन्तर सहयोग गर्ने प्रतिबद्धता जनाए। “तराईमा खेलकुद क्षमताको अपार सम्भावना छ। समयमै अवसर र स्रोत उपलब्ध गराए खेलाडीहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा पहिचान बनाउन सक्छन्,” मुखियाले जोड दिए।

नगरपालिकाले यसअघि पनि विभिन्न वडाका अन्य युवा खेलाडीहरूलाई खेल सामग्री सहयोग गर्दै आएको छ। यस्ता पहलहरूले स्थानीयस्तरमा खेलकुद विकासमा नयाँ ऊर्जा थपिएको स्थानीयवासीहरूको भनाइ छ।

## स्वास्थ्यकर्मीहरुको आन्दोलनमा घुसपैठ




टक नेपाल

निजी अस्पतालहरुको संगठन एशोसिएशन अफ प्राइभेट हेल्थ इन्स्टिच्युसन अफ नेपाल (अफिन)ले जनकपुरधाममा आन्दोलनरत स्वास्थ्यकर्मीहरुको आन्दोलनमा घुसपैठ भएको जनाएको छ । अफिनले बिहीबार (आज) जनकपुरधाममा पत्रकार सम्मेलनको आयोजना गर्दै निजि अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरुको आन्दोलनमा घुसपैठ भएको दावी गरेको छ।

स्वास्थ्यकर्मीहरुको माग सम्बोधन गर्नका लागि छलफल गर्न तयार रहेको भन्दै आन्दोलनरत स्वास्थ्यकर्मीहरूलाई स्वास्थ्य सेवाको संवेदनशीलतालाई ध्यानमा राख्दै पुनः आफ्नो कार्यस्थलमा फर्किन अफिनका अध्यक्ष एसके सिंहले आग्रह गरेका छन् । मधेश र जनकपुरधाम क्षेत्रका निजी अस्पतालहरू सर्वसुलभ शुल्कमा सञ्चालन भइरहेको दावी गर्दै सिंहले स्वास्थ्य संस्था संचालन गर्न स्वास्थ्यकर्मीहरूकै महत्वपूर्ण योगदानलाई नगरअन्दाज गर्न नसक्ने बताए । उनले स्वास्थ्यकर्मीहरूले उठाएका पारिश्रमिकसम्बन्धी मागप्रति संगठनको गम्भीर ध्यानाकर्षण भएको र उनीहरूले सम्मानजनक पारिश्रमिक पाउनुपर्ने अधिकारलाई वेवास्ता हुन नदिने बताए।

अफिनले संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मिति २०८२ साल कार्तिक १६ गते जारी गरेको विज्ञप्तिको बुँदा नं. ३ र ४ अनुसार प्रा.डा. श्रीकृष्ण श्रेष्ठको संयोजकतामा गठित समितिले एक महिनाभित्र अस्पतालहरूको वर्गीकरण गरी पारिश्रमिकसम्बन्धी कार्य योजना तयार गर्ने निर्णय गरेको स्मरण गराउँदै सो निर्णयको कार्यान्वयन गर्न तयार रहेको जनाएको छ । विगत केही महिनादेखि निजि अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरु श्रम शोषण गरेको आरोप लगाउँदै आन्दोलन गर्दै आईरहेका छन् ।

## जनकपुरधाम-ढल्केवर सडकमा आकाशे पुल निर्माण गरिँदै

टक नेपाल

जनकपुरधाम, २० कार्तिक । जनकपुरधाम-ढल्केवर ६ लेन व्यापारिक राजमार्गमा तीन वटा आकाशे पुल निर्माणको कार्य सुरु गरिएको छ ।

पैदल यात्रुहरूको सुरक्षाका लागि करिब साढे १० करोड रुपैयाँ लागतमा सडक डिभिजन कार्यालय मुजेलियाले सो पुलहरूको निर्माण अघि बढाएको हो।

आकाशे पुलहरू धनुषाको क्षिरेश्वरनाथ नगरपालिका र लक्ष्मीनिया गाउँपालिकामा निर्माण हुँदै छन्। अत्यधिक पैदल चाप हुने क्षिरेश्वरनाथको महिला विकास चोक र सखुवा चोकमा दुई वटा तथा लक्ष्मीनियाको बजार चोकमा एक वटा पुल निर्माण भइरहेको सडक डिभिजन कार्यालयका प्रमुख डिभिजनल इन्जिनियर दरोगा प्रसादले जानकारी दिए।



उनका अनुसार महिला विकास चोकको पुल ३ करोड ३५ लाख, सखुवा चोकको ३ करोड ५७ लाख र लक्ष्मीनियाको ३ करोड ४२ लाख रुपैयाँ (भ्याटसहित) लागतमा दुई फरक निर्माण कम्पनीले काम सुरु गरिसकेका छन्।

‘तीनै स्थानमा निर्माण कार्य तीव्र गतिमा भइरहेको छ। सबै पुल यसै आर्थिक वर्षको असार मसान्तभित्र सम्पन्न गर्ने लक्ष्य लिइएको छ,’ इन्जिनियर प्रसादले बताए।

सडक डिभिजन कार्यालयका साईट इन्जिनियर उज्जवल झाका अनुसार प्रत्येक पुलको उचाइ ५.६ मिटर, लम्बाइ २९.४ मिटर र चौडाइ ३ मिटर रहनेछ। उनले भने, ‘आकाशे पुल बनेपछि पैदल यात्रुहरूका लागि सडक पार गर्न सहजता हुनेछ र दुर्घटनाको जोखिम घट्नेछ।’

जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी निरीक्षक सूर्य बहादुर शाहीले पनि पुल निर्माणपछि दुर्घटनाको दरमा कमी आउने विश्वास व्यक्त गरे। उनले भने, ‘पूर्व-पश्चिम लोकराजमार्ग हुँदै जनकपुरधाम प्रवेश गर्ने यस सडकमा दैनिक सयौँ पैदल यात्री हिँड्छन्। पुल बनेपछि उनीहरूलाई सुरक्षित रूपमा सडक पार गर्न सक्ने सुविधा उपलब्ध हुनेछ।’

स्थानीय बासिन्दाहरू पनि पुल निर्माणको पहलप्रति उत्साहित छन्। क्षिरेश्वरनाथका स्थानीय विजय साहले भने, ‘हाम्रो क्षेत्रमा हाट बजार र विद्यालय नजिकै सडक छ। पहिले सडक काट्दा निकै जोखिम थियो, अब पुल बनेपछि बालबालिका र वृद्धवृद्धालाई ठूलो राहत हुनेछ।’

जनकपुरधाम-ढल्केवर ६ लेन सडकलाई प्रदेशको प्रमुख व्यापारिक राजमार्गका रूपमा विकास गरिँदै आएको छ। दैनिक हजारौँ सवारीसाधन गुड्ने र घना आवासीय क्षेत्रबाट गुज्रिने यस सडकमा आकाशे पुल निर्माणले यातायात सुरक्षा र पैदल आवागमनमा नयाँ सहजता ल्याउने अपेक्षा गरिएको छ।

परिवर्तनका लागि एक नयाँ आवाज
# टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### अपूर्ण क्रान्तिलाई
## पूर्णतामा पुऱ्याउने पुस्ता

नेपालको राजनीतिक यात्रामा प्रत्येक पुस्ताले आफ्नो समयको काम पूरा गरेको छ। राणा शासनदेखि राजतन्त्रसम्मको अन्त्यसम्मका आन्दोलनले लोकतन्त्र ल्याए, तर त्यो अझै अपूर्ण छ। यही अपूर्णता र सुशासनको अभावका कारण 'जेनजी आन्दोलन' जन्मिएको हो। यो केवल उमेरको समूह होइन, सोच, चेतना र युगको प्रतिनिधि हो, जसले नयाँ राजनीतिक संस्कार र उत्तरदायी शासनको माग गरेको छ।

डिजिटल युगमा हुर्केको यो पुस्ता पारदर्शिता, समानता र अवसरको खोजीमा छ। पुराना दलहरूको भ्रष्टाचार र असक्षमताले निराश युवाहरूले परिवर्तनको बाटो रोजेका छन्। उनीहरू विचार र एजेन्डाको राजनीतिमा विश्वास गर्छन्– व्यक्तिपूजामा होइन।

जेनजी पुस्ताको आन्दोलन नेपालको लोकतान्त्रिक क्रान्तिको चौथो खुड्किलो हो, जसले संविधानका अपूर्ण भागहरू पूरा गर्दै सुशासन, समावेशिता र समान अवसर सुनिश्चित गर्नुपर्ने चुनौती बोकेको छ। विचार, संगठन र एकताका माध्यमबाट यो पुस्ता नै देशलाई नयाँ दिशातर्फ लैजान सक्ने वास्तविक शक्ति हो।

# वैज्ञानिकहरूले अहिलेसम्मकै सबैभन्दा चम्किलो ब्ल्याक होल ज्वाला देखे : अध्ययन

• टक नेपाल

वैज्ञानिकहरूले ब्रम्हाण्डमा एक ब्ल्याक होलबाट निस्किएको अहिलेसम्मकै चम्किलो प्रकाशयुक्त ज्वाला देखेको बताएका छन् । त्यो ज्वालाको प्रकाश १० ट्रिलियन सूर्य बराबर रहेको वैज्ञानिक निष्कर्षलाई उद्धृत गर्दै समाचार संस्था अलजजीराले जनाएको छ।



क्यालिफोर्निया इन्स्टिच्युट अफ टेक्नोलोजी (क्यालटेक)का खगोलविद् म्याथ्यू ग्राहमले नेतृत्व गर्नुभएको अध्ययनको निष्कर्ष मङ्गलवार 'नेचर एस्ट्रोनोमी' जर्नलमा प्रकाशित भएको छ।

त्यो चम्किलो ज्वालाको दृश्य पछिल्लो पटकको सन् २०१८ मा क्यालिफोर्नियामा रहेको पालोमार वेधशालाको क्यामेरामा कैद भएको थियो । तीन महिनासम्म भयानक ढङ्गले चम्किएपछि ज्वाला बिस्तारै कम हुँदै गएको 'नेचर एस्ट्रोनोमी' जर्नलमा प्रकाशित शोधमा भनिएको छ। असामान्य रूपमा ठूलो तारा ब्ल्याक होलको धेरै नजिक पुगेपछि विस्फोट भएर ऊर्जा निस्किएको हुन सक्ने शोधमा उल्लेख छ।

वैज्ञानिकहरूका अनुसार त्यो ज्वाला पृथ्वीभन्दा १० अर्ब प्रकाश वर्ष टाढा रहेको एक सुपरम्यासिभ ब्ल्याक होलबाट आएको हो । एक प्रकाश वर्ष भनेको प्रकाशले एक वर्षमा पार गर्ने दूरी हो। त्यसैले ब्ल्याक होलमा १० अर्ब वर्षअघि उत्पन्न प्रकाश बल्ल पृथ्वीमा आइपुगेको हो । यो खोजले ब्ल्याक होलका रहस्य बुझ्नमा ठूलो सहयोग गर्ने वैज्ञानिकहरूको भनाइ छ।

ब्ल्याक होल ब्रम्हाण्डको सबैभन्दा रहस्यमय तथा शक्तिशाली हिस्सा हो। यसको घनत्व यति धेरै हुन्छ कि त्यसमा प्रकाश छिऱ्यो भने पनि बाहिर निस्कन सक्दैन । सुपरमासिभ ब्ल्याक होल लाखौं-करोडौं सूर्य जत्रै विशाल हुन्छन्।

'मिल्की वे' सहित झन्डै हरेक ठूला आकाशगङ्गाको केन्द्रमा एउटा सुपरमासिभ ब्ल्याक होल रहेको वैज्ञानिक विश्वास छ। तर वैज्ञानिकहरू अझै पनि यो कसरी बन्छ भन्ने कुरामा निश्चित छैनन्।

# नेपाल–भारत सीमा बन्द

• टक नेपाल

नेपालसंग सीमा जोडिएको भारतको बिहार राज्यमा पहिलो चरणको विधानसभा निर्वाचनलाई लिएर नेपाल भारत सीमा बन्द गरिएको छ। विधानसभा निर्वाचनलाई लिएर नेपाल-भारत सीमा अन्तर्गत जटही नाका आज बिहान ६ बजे देखि साँझ ६ बजेसम्मका लागि बन्द गरिएको हो।

निर्वाचन चलिरहँदा नाकामा सुरक्षामा कडाई गर्न तथा निर्वाचनसम्बन्धी सम्भावित अवाञ्छित गतिविधि रोक्ने लक्ष्यले सीमा बन्द गरिएको भारतीय प्रशासनले जनाएको छ।

मतदान अवधिभर सीमा नजिकका संवेदनशील क्षेत्रहरूमा सशस्त्र र सुरक्षा कर्मी तैनाथ गरिएको हो । सडक तथा पैदल यात्रुका लागि बिहान ६ देखि साँझ ६ बजे सम्म नाका बन्द हुँदा स्थानीय व्यापारी, यात्रु र दैनिक आयआर्जनमा आश्रित व्यक्तिलाई असुविधा भोग्नु परेको छ।









# जेनजी आन्दोलनपछि वीरगञ्ज महानगर : विकास बजेट कटौती, सहयोग जुटाएर कार्यालय चलाउँदै

टक नेपाल




जेनजी आन्दोलनको क्रममा ठुलो क्षति बेहोरेको वीरगञ्ज महानगरले विभिन्न निकायहरूसँग सहयोग जुटाएर कार्यालय सञ्चालन गरेको छ।

भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा महानगरका ११ वटा महाशाखा, ४० वटा शाखामा रहेका कागजपत्र जलेर नष्ट भएका छन् । कार्यालयमा रहेका कुर्सी, टेबल, कम्प्युटर, प्रिन्टर, दराज, सिसिक्यामेरा, एसीहरू जलेका छन् भने १८ वटा चार पाङ्ग्रेसहित ३ दर्जन सवारी साधन जलेका छन् । कार्यालय खण्डहरमा परिणत भएको छ। कागजपत्र जलेका कतिपय कोठाहरूमा अझै पनि खरानीको थुप्रो छ।

वीरगञ्ज महानगरका प्रशासकीय प्रमुख अरविन्द लाल कर्णले जेनजी आन्दोलनको नाममा सुनियोजित ढंगले महानगरमाथि क्षति पुऱ्याइएको बताएका छन्। 'क्षति अत्यधिक भयो, हामी जिरोमा आइसकेका छौँ, कर्मचारीलाई बस्ने ठाउँसमेत छैन, अनुगमनका क्रममा स्थानीय प्रशासनको टोलीले समेत सिंहदरबारपछि सबैभन्दा धेरै नोक्सान भएको वीरगञ्ज महानगर हो भन्ने छ,' प्रमुख प्रशासकीय अधिकृत अरविन्द लाल कर्णले भने, 'प्राविधिक मूल्याङ्कन टिमले १ अर्ब १५ करोड ३२ लाखको क्षति भएको देखाएको छ, हामीसँग अहिले केही पनि छैन।'

आन्दोलनका क्रममा भवनसहित सम्पूर्ण महाशाखा जलेर नष्ट भएपछि महानगरले कर्मचारीलाई बस्ने कुर्सी, टेबलसहित आवश्यक कार्यालय सामग्रीहरू सहयोगबाट जुटाएर कार्यालय सञ्चालन गरेको छ। महानगरका ११ वटा महाशाखा र ४० वटा शाखाहरू छन् । ती सबै शाखाहरूका लागि आवश्यक सामग्री खरिदमा केन्द्रीय सरकारले रोक लगाएपछि झनै समस्या भएको कर्मचारीहरूको भनाइ छ।

'हामीलाई पहिलो चुनौती कर्मचारीहरूलाई कसरी बस्ने व्यवस्था गर्ने र सेवाग्राहीलाई कसरी सेवा दिने भन्ने समस्या छ,' प्रमुख प्रशासकीय अधिकृत कर्णले भने, 'केही सामानहरू सहयोगी दाताहरूसँग जुटाएर मुख्य शाखाहरू सञ्चालन गरेका छौँ।'

भदौ २४ गते आन्दोलनको क्रममा लुटिएका सोफा, कुर्सी, कम्प्युटरको हार्ड डिस्कलगायत केही सामान कवाडखाना, खोला किनारबाट नगर प्रहरीमार्फत फिर्ता ल्याएको थियो।

महानगरले ठुला उद्योगी घराना, औषधि व्यवसायी संघ, वीरगञ्ज उद्योग वाणिज्य संघ, सूर्य नेपाललगायतसँग टेबल, कुर्सी, कम्प्युटर, फोटोकपी प्रिन्टर मेसिनलगायत सहयोगस्वरूप लिएर कार्यालय सञ्चालन गरेको छ। चाडपर्वपछि महानगरले केही संरचनाहरूलाई मर्मतसम्भार गरेर राजस्व शाखा र आर्थिक प्रशासन महाशाखा सञ्चालन गरेको छ।

प्रमुख प्रशासकीय अधिकृत कर्णले नक्सा शाखा, योजना शाखा, शिक्षा शाखा, कानुन र आन्तरिक लेखा परीक्षण शाखालाई विस्तारै व्यवस्थापन गर्दै लगिएको बताएका छन् । 'एउटै टेबलमा बसेर २/३ वटा शाखा सञ्चालन गरेर भए पनि सेवा सुरु गरौँ भन्ने छ,' उनले भने, 'तर, मुख्य कुरा टेबल राख्ने ठाउँ पनि छैन।'

महानगरका चार वटा भवनमध्ये दुई वटा भवन बस्नै नमिल्ने गरी ध्वस्त भएको छ।

**पुरानै अवस्थामा फर्कन मुस्किल**

जेनजी आन्दोलनपछि पूर्ण रूपमा क्षति भएका कारण महानगरलाई पुरानै अवस्थामा फर्कन मुस्किल देखिएको छ। महानगरले क्षति भएका संरचना निर्माणका लागि विशेष अधिवेशनमार्फत चालु आर्थिक वर्षको वडास्तरीय र महानगरको विकास बजेट कटौती गरेको छ, जसमा वडास्तरको बजेटबाट २५ प्रतिशत कटौती गर्ने, नगरस्तरीय बजेटबाट १८ करोड कटौती गरेर विपत् व्यवस्थापन समितिमार्फत खर्च गर्ने जनाएको छ।

'हामीलाई अनपेक्षित रूपमा खर्च बढ्ने भयो, यसको लागि बजेट नभएपछि हामीले यस वर्ष वडाको बजेटबाट २५ प्रतिशत कटौती गर्ने र महानगरको पनि १८ करोड छुट्याउने भन्ने छलफल भएको छ,' उनले भने, 'यो रकमलाई विपत् व्यवस्थापन समितिमार्फत खर्च गर्ने निर्णय भएको छ।'

महानगरको ३२ वटा वडाहरूका लागि ६६ करोड बाँडफाँट गरिएको थियो।

विकास बजेट प्रभावित

महानगरले आन्दोलनपछि क्षतिको अवस्थाबारे अध्ययन गर्न योजना महाशाखाका प्रमुख अवधेश कुशवाहा नेतृत्वको प्राविधिक टोली गठन गरेको थियो। सो समितिले १ अर्ब १५ करोड बराबरको क्षति भएको प्रारम्भिक अनुमान गरेको छ।

क्षतिको कारण यस वर्षको महानगरको विकास बजेट कटौती हुने देखिएको छ । 'कतैबाट क्षतिपूर्ति सम्बोधन नभएसम्म तत्काललाई गाह्रो छ, हामीले वैकल्पिक बाटाहरू पनि खोजिरहेका छौँ,' उनले भने, 'सवारी साधन त जेनतेन गरौँला तर भवन र कोठाहरू नभए कहाँ बसेर काम गर्ने, संघ सरकारले बनाइदिने हो कि प्रदेश सरकारले बनाउँछ कि हामीले आफैँ बनाउने हो अन्योल नै छ।'

भवन पुनर्निर्माणका लागि तत्कालै ७० देखि ८० करोड रुपैयाँ बजेट आवश्यक पर्ने महानगरले जनाएको छ । महानगरका इन्जिनियर राजीव उपाध्यायले भने कार्यालयमा भएको तोडफोड र आगजनीले काम गर्ने उत्साह नै नभएको गुनासो गरेका छन् । उनले कर्मचारीहरू मानसिक रूपमा असुरक्षित महसुस गरिरहेको टिप्पणी गरेका छन्। 'हामी भयभीत मानसिकतामा बसिरहेका छौँ, काम गर्दा असुरक्षित महसुस भएको छ,' उनले भने।वीरगञ्जमा यसअघि दर्जनौँ पटक भएका आन्दोलनमा सुरक्षित रहेको महानगर यसपटक ध्वस्त भएको छ। २०७२ सालमा ६ महिनासम्म चलेको मधेस आन्दोलनको केन्द्र नै वीरगञ्ज थियो। तर त्यो बेला पनि महानगरमा कुनै प्रकारको आगजनी, तोडफोड र लुटपाट भएको थिएन।

वीरगञ्ज सहर वीर शम्शेरको शासनकाल सन् १८९७ मा एउटा बसोबासको रूप दिन थालिएको इतिहास छ। 'गहवा' नामक गाउँ र वरिपरिको क्षेत्रलाई समेटेर वीरगञ्ज बजारको रूपमा विकास गरिएको हो। सन् १९५३ मा वीरगञ्ज नगरपालिका घोषित भयो। २०५५ साल कात्तिक २५ गते उपमहानगरपालिका घोषित भएको वीरगञ्ज मुलुक संघीय संरचनामा गइसकेपछि २०७३ साउन १६ गते महानगरपालिका बनेको थियो।

## चौँतिस स्थानीय तह अझ........................................

बताउनुभयो।

मन्त्रालयका अनुसार गत भदौको पहिलो साता मन्त्रालयले बजेट सभामा पेस नगर्ने स्थानीय तहको स्थलगत रूपमा सहजीरकण गरेपछि ती तहले बजेट ल्याउने लिखित प्रतिबद्धता जनाएका थिए। मन्त्रालयको टोलीले सहजीकरण गर्दा अधिकांश स्थानीय तहमा वडाध्यक्षहरूले वडागत बजेटको सिलिङ बाँडफाँटमा विवाद गरेकाले सभाबाट बजेट पारित गर्न नसकेको पाइएको थियो । अहिले पनि कतिपय स्थानीय तहमा त्यही समस्या छ। कतिपय स्थानीय तहमा नगरप्रमुखले जस्तै उपप्रमुखले पनि योजना बाँड्न पाउनुपर्ने, घाटा बजेट बनाउने र अनुमान गरिए अनुसार राजस्व सङ्कलन नहुँदा बजेटको सिलिङ घट्दा विवाद हुने गरेको, नगरप्रमुखहरूको व्यक्तिगत र पारिवारिक समस्याले गर्दा पनि बजेट ल्याउन नसकेको लगायत कारणले गर्दा स्थानीय तहले बजेट पास गर्न नसकेका हुन्।

**बजेट नल्याउने पालिका**

कोशी प्रदेशको १३७ स्थानीय तहमध्ये सबै स्थानीय तहले बजेट पारित गरेका छन् । मधेश प्रदेशको १३६ स्थानीय तहमध्ये ३१ वटा स्थानीय तहले बजेट सभाबाट पारित गर्न नसकेको मन्त्रालयको वेबसाइटमा उल्लेख गरिएको छ। सप्तरीको राजविराज नगरपालिका, अग्निसाइर कृष्णासवरन, छिन्नमस्ता, बलान-विहुल गाउँपालिका, सिराहाको कल्याणपुर नगरपालिका, धनगढीमाई, सुखीपुर नगरपालिका, धनुषाको जनकपुर उपमहानगरपालिका, छिरेश्वरनाथ नगरपालिका, धनुषाधाम नगरपालिका, नगरराइन नगरपालिका, औरही गाउँपालिका, कमला नगरपालिका, जनकनन्दिनी र धनौजी गाउँपालिकाले सभाबाट बजेट पारित गर्न सकेका छैनन्।

त्यस्तै महोत्तरीको सोनमा गाउँपालिका, सर्लाहीको मलङ्गवा नगरपालिका, हरिवन नगरपालिका, चन्द्रनगर, रामनगर, गाउँपालिका, रौतहटको कटहरिया नगरपालिका, देवानी गोनाही, फतुवा विजयपुर नगरपालिका, यमुनामाई गाउँपालिका, बाराको गढीमाई नगरपालिका, सुवर्ण गाउँपालिका, विश्रामपुर गाउँपालिका, पर्साको पोखरिया नगरपालिका, पकहा मैनपुर, सखुवा प्रसौनी, कालिकामाई गाउँपालिकाले बजेट ल्याउन नसकेको सूचीमा उल्लेख गरिएको छ।

बागमतीमा ११९ स्थानीय तहमध्ये सबै स्थानीय तहले बजेट सभाबाट पारित गरिसकेका छन् । त्यस्तै गण्डकी प्रदेशका ८५ स्थानीय तहमध्ये सबै स्थानीय तहले बजेट सभाबाट पारित गरेका वेबसाइटमा उल्लेख छ। लुम्बिनीका १०७ स्थानीय तहमध्ये नवलपरासीको (बर्दाघाट सुस्तापश्चिम) को पाल्हीनन्दन गाउँपालिका र कपिलवस्तुको शुद्धोधन गाउँपालिकाले सभाबाट बजेट पारित गर्न सकेका छैनन्। कर्णाली प्रदेशका ७८ स्थानीय तहमध्ये सल्यानको छत्रेश्वरी गाउँपालिकाले बजेट ल्याउन सकेको छैन भने सुदूरपश्चिका ८८ स्थानीय तहमध्ये सबै स्थानीय तहले बजेट सभाबाट पारित गरेका छन्।

**वडाध्यक्षहरूद्वारा सिलिङको दाबी**

बजेट सभामा पेस गर्न नसक्नुमा स्थानीय तहका वडाध्यक्षले वडागत बजेटको सिलिङ बाँडफाँटमा विवाद गरेकाले सभाबाट बजेट पारित गर्न नसकेको हो। कतिपय स्थानीय तहमा नगरप्रमुखले जस्तै उपप्रमुखले पनि योजना बाँड्न पाउनुपर्ने, घाटा बजेट बनाउने र अनुमान गरिए अनुसार राजस्व सङ्कलन नहुँदा बजेटको सिलिङ घट्दा विवाद हुने गरेको, नगरप्रमुखहरूको व्यक्तिगत र पारिवारिक समस्याले गर्दा पनि बजेट ल्याउन नसकेको लगायत मुख्य कारण रहेको पाइएको छ।

मन्त्रालयका सहसचिव प्रकाश दाहालले भन्नुभयो, "मन्त्रालयको टोलीले बजेट सभाबाट पारित नगर्ने स्थानीय तहका स्थलगत निरीक्षण गर्दा वडाध्यक्षले समेत बजेटको सिलिङ मागदाबी गरेपछि स्थानीय तहले बजेट सभाबाट बजेट पारित गर्न नसकेका भेटिएको थियो।"

बजेट नल्याई कर उठाउन र खर्च गर्न नपाउने, बजेट पारित नगरी खर्च गरिए बेरुजु हुने, बजेट नल्याउने स्थानीय तहका लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्रदान गर्ने समानीकरण अनुदान कटौती हुने व्यवस्था छ।

## जनकपुर क्षेत्र विकास .........

क्षेत्रको सांस्कृतिक तथा भौतिक विकासका लागि स्थापना गरिएको परिषद् पछिल्ला वर्षहरूमा विवाद, राजनीतिक हस्तक्षेप र आर्थिक अनियमितताका कारण विवादित बन्दै आएको छ। कार्यकारी निदेशकद्वारा पठाइएको पत्रले परिषद्भित्रको सत्ता संघर्ष र प्रशासनिक संकट फेरि उजागर गरेको हो।

निर्देशकमाथि अध्यक्ष शीतल साहको 'काउन्टर'

यता जनकपुर बृहत्तर क्षेत्र विकास परिषद्का अध्यक्ष शीतल साहले वैद्यनाथ पासवानले राजीनामा दिसकेकाले उनले कार्यालयको काममा उल्टै अवरोध सिर्जना गरिरहेको आरोप लगाए । उनले पासवान बृहत्तरका कर्मचारी अब नरहेको र कार्यालयको काममा केही कर्मचारीसँग गुटबन्दी गरी कार्यालयको माहोल बिगाने गरेको बताए । उनका अनुसार कार्यालयको स्टाम्प र छापको केही कर्मचारीले दुरुपयोग गरिरहेका छन्।

अध्यक्ष साहले आफूमाथि लगाइएको आरोप सिद्ध गर्न चुनौतीसमेत दिए । उनले भने, 'यदि मैले गैरकानुनी कुनै काम गरेको छु भने मलाई कानुनी कारबाही होस्, नभए कार्यालयलाई बन्धक बनाउने प्रयास गरिरहेकाहरूलाई कानुनी कठघरामा ल्याइयोस्।'

त्यस्तै, अध्यक्ष साहले कार्यालयमा बिनाकामका कर्मचारी राखेर बृहत्तरमाथि आर्थिक बोझ बढाउने कार्य मात्रै गरिएकाले नयाँ कर्मचारीका लागि विज्ञापन आह्वान गरिएको जानकारी दिए । उनले बृहत्तरको परिषद् तथा सञ्चालक समितिको निर्णयअनुसार आफूले कर्मचारीको पदपूर्तिका लागि विज्ञापन गरिएको पनि दाबी गरे।

अध्यक्ष साहले भने, 'परिषद्मा स्थायी प्रकृतिका कर्मचारी राख्ने गरी व्यवस्था नरहेको र नयाँ कर्मचारी भर्ना गर्ने अधिकार अध्यक्षलाई दिएको कुरा ऐनमै उल्लेख छ।' आफूले परिषद्को काम फेरि द्रुत गतिमा अगाडि बढाउने अभिप्रायले आफ्नो अधिकारको प्रयोग गरी विज्ञापन गरेको दाबी गरे।

कर्मचारीहरूले महिनौँदेखि तलब नखाएको स्वीकार गर्दै उनले भने, '३७ महिना मेरो नियुक्ति भएको भइसक्यो तर मैले एकसुको तलब यहाँबाट पाएको छैन।' तलब दिने कर्मचारीहरू नै भएका तर नियमसंगत तलब नदिएको विषयमा आफूलाई अनावश्यक रूपमा विवादित नबनाउन उनले आग्रह गरे।

## जनकपुर क्षेत्र विकास परिषद् :
# कार्यकारी निर्देशक र अध्यक्षबिच आरोप-प्रत्यारोप



टक नेपाल

विवादले धराशायी हुँदै गइरहेको बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् फेरि अध्यक्ष र कार्यकारी निर्देशकबिचको विवाद सतहमा आएको छ ।

बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का कार्यकारी निर्देशक वैद्यनाथ पासवानले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई कार्यालयको वर्तमान अवस्था गम्भीर रहेको भन्दै पत्र लेखेका छन् । कार्यकारी निर्देशक पासवानद्वारा मन्त्रालयलाई पठाइएको पत्रमा विगत २०८० माघदेखि हालसम्म कार्यालयमा कार्यरत कर्मचारीहरूले तलब र भत्ता नपाएको उल्लेख छ । बिजुली र खानेपानीको सुविधा नहुँदा कार्यालय सञ्चालन ठप्प रहेको र दैनिक काम गर्न कठिनाइ भइरहेको पत्रमा उल्लेख छ ।

पासवानका अनुसार २०८२ भदौ २३ र २४ गतेको जेनजी जनआन्दोलनका क्रममा कार्यालयका भौतिक संरचना र सामग्रीहरू क्षतिग्रस्त भएका थिए । तर अहिलेसम्म ती सामग्रीको मर्मत वा पुनर्स्थापना गर्ने कुनै योजना नबनाइएकाले कार्यालय निष्क्रिय बनेको उनले बताएका छन् ।

पासवानले परिषद्का अध्यक्ष शीतल साहमाथि निजी स्वार्थका लागि कार्यालय ध्वस्त पाने योजना बनाएको आरोपसमेत लगाएका छन् । उनका अनुसार ३० वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीहरूलाई सेवा-सुविधाबाट वञ्चित गरिएको र कार्यालयको नाममा रहेका बैंक खातासमेत बन्द अवस्थामा छ ।

पासवानले गत असोज १७ गते प्रकाशित कर्मचारी भर्नासम्बन्धी विज्ञापनलाई 'फेक' भनेका छन् । उनका अनुसार परिषद्मा कार्यरत २२ जना स्थायी कर्मचारीहरू रहेकै अवस्थामा नयाँ भर्नासम्बन्धी विज्ञापन प्रकाशन गर्नु कानुनविपरीत कार्य हो । उनले उक्त विज्ञापन आफूले जारी नगरेको र कार्यकारी निर्देशकको सहमतिबिना गरिएकाले अनधिकृत रहेको स्पष्ट पारेका छन् ।

उनले पत्रमार्फत मन्त्रालयलाई उक्त विज्ञापन तत्काल रोक्का गर्न र यस विषयमा आवश्यक कार्यान्वयन गर्न आग्रह गरेका छन् । लामो समयदेखि तलब र भत्ता नपाउँदा परिषद्का कर्मचारीहरू कार्यविहीन बनेका छन् । बिजुली र खानेपानी नहुँदा कार्यालयमा बस्ने नसक्ने अवस्था भएको कार्यकारी निर्देशक पासवानको भनाइ छ ।

पासवानले उक्त पत्रको प्रतिलिपि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, अर्थ मन्त्रालय, लोक सेवा आयोग, जिल्ला प्रशासन कार्यालय धनुषा र महोत्तरी तथा कोष तथा लेखा नियन्त्रक कार्यालय धनुषालाई समेत पठाएका छन् ।

जनकपुरधाम र आसपास

बाकी पृष्ठ ३.....

# चौंतिस स्थानीय तह अझै बजेटविहीन

टक नेपाल




कात्तिकको तेस्रो साता पुग्न लाग्दासमेत चालु आर्थिक वर्ष २०८२/८३ का लागि ३४ वटा स्थानीय तहले बजेट सभाबाट पारित गर्न सकेका छैनन् । समयमै बजेट सम्बन्धित सभाबाट पारित गर्न नसक्दा दैनिक कामकाजमै अवरोध हुनका साथै कर्मचारीले तलब पनि पाउन सकेका छैनन् ।

गत असार १० गतेभित्र गाउँ कार्यपालिका र नगर कार्यपालिकाले आआफ्ना गाउँ र नगर सभामा आर्थिक वर्ष २०८२/८३ का लागि अनुमानित आय तथा व्ययसहितको बजेट पेस गर्नुपर्ने र असार मसान्तभित्र सभाबाट बजेट पारित गर्नुपर्ने कानुनी व्यवस्था छ । अघिल्लै आर्थिक वर्षमा बजेट ल्याई पारित गर्नुपर्ने कानुनी व्यवस्था भए पनि कतिपय स्थानीय तहले कानुनले तोकिएको समयसीमाभित्र सभाबाट बजेट पारित गर्न सकेका छैनन् । बिहीबारसम्म ३४ वटा स्थानीय तहले सभाबाट बजेट पारित गर्न नसकेको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेबसाइटमा उल्लेख गरिएको छ ।

गत साउनको दोस्रो साता मन्त्रालयले सभाबाट बजेट पारित नगर्ने स्थानीय तहको स्थलगत रूपमा नै सहजीकरण गर्न सुरु गरेसँगै कतिपय स्थानीय तहले बजेट सभाबाट पारित गरेका थिए तर बिचमा जेनजीका नाममा भएको आन्दोलन, तोडफोड, आगजनी, दर्शैँतिहारलगायत चाडपर्वले गर्दा मन्त्रालयले पुनः स्थलगत सहजीकरण गरेको छैन ।

मन्त्रालयका सङ्घीय मामिला शाखाका उपसचिव दीपक ढकालले स्थानीय तहले सभा गरिसकेपछि मन्त्रालयले सबै स्थानीय तहका सूचना प्रविधि अधिकृत (आइटी अफिसर) लाई मन्त्रालयको बजेट प्रविष्ट गर्ने पोर्टलको 'एक्सेस' दिन्छ, त्यो पोर्टलमा आइटी अफिसरले सभा भएपछि आवश्यक कागजात प्रविष्ट गर्नुपर्ने हो तर सभा गरे पनि कतिपय स्थानीय तहले कागजात प्रविष्ट नगर्दा अहिलेसम्म ३४ वटा स्थानीय तहले सभा नगरेको देखिएको

बाकी पृष्ठ ३.....


१ महिना FREE
मात्र वार्षिक रु.८५०० बाट सुरु
कर सहित
Dual Band राउटर सहित
Mash को साथ घर भरि WIFI
viaTV १०० च्यानलको मनोरंजन
बर्दिबास शाखाको लागि ९८०११३१४३३ - आजै मौकाको फाइदा लिनुहोस्

सांस्कृतिक सम्पदाहरूको संरक्षण गरौं, पर्यटनलाई प्रवर्द्धन गरौं।

मधेश प्रदेशमा विभिन्न प्राचीन मठ-मन्दिर, ऐतिहासिक दरबार, धार्मिक तथा सांस्कृतिक सम्पदाहरु रहेका छन् । त्यस्ता स्थलहरु गौरव मात्र नभई आर्थिक समृद्धिको स्रोत पनि हुन् । यसको संरक्षण र सम्वर्द्धन गर्नु हाम्रो सबैको दायित्व हो ।

त्यसैले धार्मिक तथा पर्यटकीय स्थलहरुमा फोहोर नगरौं । ऐतिहासिक तथा दुर्लभ सम्पदाहरुको क्षति हुन नदिन सजग रहौं । स्थानीय कला, हस्तकला र परम्परागत उत्पादनलाई प्रवर्द्धन गरौं । हाम्रा प्रदेशका स्थलहरुमा आउने पर्यटकहरुसँग मैत्रीपूर्ण व्यवहार गरौं । पर्यटक हाम्रा पाहुना हुन् । स्वागत सत्कार एवम् सुमधुर व्यवहार गरौं ।

औरही नगरपालिका
महोत्तरी, मधेश प्रदेश

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित

- २४ सं घण्टा इमजेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशक: तुलसामाया कार्की, अध्यक्ष निर्देशक: ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014